मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल

२६ औं वर्षमा Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १६० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ बैशाख १६ गते बिहीवार (Thursday, April 29. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

सूचना

विद्यालयलाई शान्ति क्षेत्र बनाऔं, बन्द हड्ताल, राजनीतिक क्रियाकलाप, हिंसात्मक गतिविधिबाट टाढै राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

मूल्यबृद्धि गर्नेलाई 'कडा कार्वाही'

बिर्तामोड, बैशाख १५। काँकरभिट्टा नाकाबाट हुने तेस्रो देशका नागरिकको आवागमनलाई स्थगित गर्ने जिल्ला कोभिड-१९ विपद् व्यवस्थापन केन्द्र झापाले निर्णय गरेको छ ।

प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाको अध्यक्षतामा बुधवार बसेको बैठकले सीमा जोडिएका छिमेकी मुलुक बाहेकका अन्य देशका नागरिकलाई आवागमनमा रोक लगाउने निर्णय गरेको हो । स्थलमार्गबाट नेपाल आउनुपर्ने भारतीय नागरिकलाई निजले यात्रा गर्नुअघि ७२ घण्टाभित्रको कोभिड-१९को नेगेटिभ रिपोर्ट तथा १० दिन अनिवार्य रुपमा होटल क्वारेन्टिनमा बस्ने गरी होटल बुक गरेको प्रमाण पेश गरेको आधारमा स्थानीय प्रशासनले नेपाल प्रवेशको अनुमति दिने बैठकले निर्णय गरेको छ ।

भारतबाट स्थलमार्ग भई नेपाल प्रवेश गर्ने नेपाली नागरिकको हकमा स्थानीय तहको अनुगमनमा अनिवार्य रुपमा १० दिन होम क्वारेन्टाइनमा राख्ने गरी सम्बन्धित जिल्ला पठाउने निर्णय भएको बैठकमा सहभागी नेपाल रेडक्रस सोसाइटी झापा सभापति लोकराज ढकालले जानकारी दिए । होटल वा होम क्वारेन्टिनमा बसे-नबसेको सम्बन्धमा जिल्ला र सम्बन्धित तहले अनुगमन गरी जिल्ला तथा केन्द्रको कोभिड-१९ संकट व्यवस्थापन समिति र गृहमन्त्रालयमा प्रतिवेदन पठाउने निर्णय भएको छ ।

काँकरभिट्टा माविको खाली चौरमा कम्तीमा एक हजार क्षमताको बहुउपयोगी अर्धस्थायी प्रकृतिको होल्डिङ सेन्टर तत्कालै निर्माण गर्न नेपाली सेनालाई अनुरोध गर्ने बैठकले निर्णय गरेको छ । कोभिड-१९को कारण देखाई दैनिक उपभोग्य वस्तु, स्वास्थ्य सामग्रीको बजारमा कृत्रिम अभाव सृजना गर्ने, कालोबजारी गर्ने, मूल्यबृद्धि गर्ने, म्याद सकिएका खाद्य वस्तुको रिलेवलिङ गर्ने जस्ता कानून विपरीतको कार्य हुन नदिन बजार अनुगमनलाई तीब्रता दिने र त्यस्ता कार्यमा संलग्न जो कोहीलाई कानून बमोजिम कडा कार्वाही गर्ने बैठकले निर्णय गरेको जनाइएको छ ।

यसैबीच भारतसँग सीमा जोडिएको १४४.२ किलोमिटर खुल्ला सीमानामध्ये झापाको काँकरभिट्टा नाकालाई व्यवस्थित गर्नुपर्नेमा बुधबार काँकरभिट्टामा आयोजित कार्यक्रमका सहभागीहरुले बताएका छन् । प्रदेश नम्बर १ अन्तर्गत झापाको काँकरभिट्टा नाका भारतको पश्चिम बंगाल राज्यको रानीगञ्ज ग्राम पञ्चायत अन्तर्गतको पानीट्यांकी नाकासँग जोडिएको छ ।

भारतका विभिन्न शहरमा दोस्रो लहरको कोभिड १९ संक्रमण बढ्दै गएपछि नेपाल भारतको पूर्वी सीमानाका काँकरभिट्टा भएर नेपाल प्रवेश गर्ने भारतीयहरुका कारण कोभिड-१९ संक्रमण बढ्न सक्ने भएकाले जिल्लाका अन्य नाका भन्दा काँकरभिट्टालाई व्यवस्थित र मानिसको आवतजावतमा कडाइ गर्नुपर्ने सहभागीहरुको भनाइ थियो ।

पसलमा छैन मूल्यसूची

वितामोड, बैशाख १५। उपभोक्ता अधिकार ऐनमा उपभोग्य सामग्रीको मूल्यसूची अनिवार्य राखिनुपर्ने प्रावधान भए पनि बिर्तामोडका अधिकांश पसलमा मूल्यसूची नभएको पाइएको छ ।

कोरोना संक्रमण जोखिम बढेसँगै दैनिक उपभोग्य खाद्य सामग्रीको मूल्य र बजारको अवस्थाबारे बजार अनुगमनका क्रममा यस्तो पाइएको हो ।

जिल्ला प्रशासन कार्यालय झापा, घरेलु तथा साना उद्योग कार्यालय झापा, उपभोक्ता हित संरक्षण मञ्च झापा, स्थानीय नगरपालिका र प्रहरी प्रशासनको संयुक्त टोलीले गरेको अनुगमनका क्रममा अधिकांश पसलमा मूल्य सूची नपाइएको हो ।

अनुगमनका क्रममा मूल्य सूची नराखिनुका साथै कतिपय पसलहरु घरेलुमा दर्ता हुनुपर्ने प्रावधान विपरीत सञ्चालन भएको पाइएको थियो । अनुगमनका क्रममा कृषिथोकस्थित वेलकम स्टोर्स, डी.डी. स्टोर्स, दुर्गा पितरानी स्टोर्स लगायतका केही पसलहरु घरेलु कार्यालयमा दर्ता नै नगरी सञ्चालन गरेको जिल्ला प्रशासन कार्यालय झापाका नायव सुब्बा यदु दाहालले जानकारी दिए । पछिल्लो समय व्यवसाय घरेलुमा दर्ता गर्नुपर्ने प्रावधान रहेको बताइएको छ ।

जिल्ला प्रशासन कार्यालय झापाका अधिकृत सुरेन्द्र भट्टराईको नेतृत्वमा घरेलु तथा साना उद्योग कार्यालयका अधिकृत नारायणप्रसाद खतिवडा, बिर्तामोड नगरपालिका वडा नं. ५का वडाध्यक्ष राजेन्द्र लिङ्देन, कार्यपालिका सदस्य भागिरथा आचार्य, प्रहरी निरीक्षक विकास राई, उपभोक्ता हित संरक्षण मञ्च झापाका अध्यक्ष ओमभक्त सेढाई, सञ्चारकर्मीहरु भीमा शिवाकोटी र लक्ष्मी लुईंटेल लगायतको टोलीले बजार अनुगमन गरेको थियो ।

कार्यक्रममा बोल्दै जिल्ला प्रशासन कार्यालय झापाका प्रमुख, प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले जिल्लामा हालसम्म १ सय ९४ जना कोभिड-१९को सक्रिय संक्रमित रहेकाले यसलाई क्रमशः कम गर्दै लैजान पनि नाकालाई व्यवस्थित बनाउनुका साथै आवतजावतमा कडाइ गर्नुपर्ने बताए ।

(बाँकी अन्तिम पृष्ठमा)

अनलाइन शिक्षा निल्नु न ओकल्नु

सिँढीमै सिकाइ

झापा, वैशाख १५। झापाको बिर्तामोड-१का मनिष ठाकुर कक्षा सातमा पढ्छन् । चिल्ड्रेन इन्भारोन्मेन्ट इङ्लिस स्कूलमा अध्ययनरत् उनी पढाइमा अब्बल छन् । परीक्षा नजिकिएसँगै उनको ध्यान पढाइमा केन्द्रित छ । बैशाख २० गतेदेखि हुने भनिएको वार्षिक परीक्षाले अहिले उनलाई गाँजेको छ ।

तर, केही समयदेखि विद्यालय बन्द छ । कोरोना महामारीका कारण विद्यालय बन्द भएपछि अनलाइन कक्षा लिनुको विकल्प छैन उनीसँग । विद्यालयले अनलाइन कक्षा सञ्चालन गरेपछि उनी अहिले अनलाइन कक्षा लिँदै परीक्षाको तयारी गरिरहेका छन् । तर, उनलाई अनलाइन कक्षा लिन सहज छैन । अनलाइन कक्षा लिनका लागि मनिषको घरमा न मोवाइल छ, न त इन्टरनेट नै ।

कोभिड १९को संक्रमण बढ्दै गएपछि झापासहित देशभरका विद्यालय बन्द हुँदा चिल्ड्रेन इन्भारोन्मेन्ट विद्यालयको पनि पठनपाठन बन्द छ । विद्यार्थीको भौतिक उपस्थितिमा पठनपाठन बन्द भएपनि विद्यालयले वैकल्पिक माध्यमद्वारा पठनपाठन गराइरहेको छ । विद्यालयले अनलाइन कक्षा सञ्चालन गरेपछि मनिषले रोइ कराई गर्दै बुवाको मोवाइल त हात पारे तर, घरमा इन्टरनेट नहुँदा उनको पढाइमा देखिएको समस्या हल हुन सकेको छैन ।

डाटा प्याक लिउँ मोवाइलमा रिचार्ज गर्ने पैसा छैन, नलिउँ अनलाइन कक्षा लिनु छ- मनिषले भने- रिचार्जका लागि बुवासंग पैसा माग्दा बुवाले पनि दिन सक्ने अवस्था छैन । 'घर बस्दा अनलाइन कक्षा लिन समस्या हुन्छ'- उनले भने- 'बुवाको सैलुन नजिकै इन्टरनेट छ, त्यहीं गएर पढ्छु भन्दै यहाँ आएको हुँ ।'

बुधवार पूर्वाञ्चल दैनिक नजिकै सिँढीमुनि बसेर अनलाइन कक्षा लिँदै गरेका मनिषको एक हातमा मोवाइन थियो त अर्को हातमा कलम । घुँडामा कपी राखेर ध्यानपूर्वक पढिरहेका मनिष बसेको सिँढीको माथिल्लो फल्याटमा मेनपावरको अफिस भएकाले सोही सिँढी प्रयोग गर्दै हिँड्नेले उनको पढाइमा वारम्वार डिस्टव गरिरहेका हुन्थे । तर, उनी कोही कसैको पर्वाह नगरी अनलाइन कक्षा लिएको देख्दा लाग्यो 'हुने विरुवाको चिल्लो पात' भनेको यही हो ।

अभावका बीच अध्ययन गर्दै गरेका मनिषको पढाइप्रतिको रुची देखेपछि सिँढीमा ओहोरदोहोर गर्नेले पनि भन्दै थिए- हेर हाम्रा चाहिँ छोराछोरी

पढ भन्दा पढ्दैनन् यो नानी कति मेहनती रहेछ, यस्तामा बसेर पनि पढ्दैछ । हुन पनि हो उनी चिसो भुइँमा बसेर घुँडामा कपी राखेर एक हातमा मोवाइल त अर्को हातमा कलम लिएर सिकाएको कुरा खुरुखुरु लेखिरहेका थिए ।

स्वास्थ्यप्रति समेत सजग देखिएका मनिषले मास्क भने लगाएका थिए । १०देखि १२ वजेसम्म कक्षा सञ्चालन हुँदोरहेछ मनिषको । दुई घण्टासम्म सोही सिँढीमा बसेर उनले अनलाइन कक्षा लिएका थिए । अनलाइन कक्षा सकिए लगत्तै पूर्वाञ्चलकर्मीसंग कुराकानी गर्दै उनले भने- घरमा वावाको एउटा मात्रै मोवाइल छ । आज मैले त्यही मोवाइल लिएर यहाँ आएको हुँ । एक्जामको लागि रिभिजन गर्ने भन्नु भाछ मिसले । त्यही भएर नेट भएको ठाउँमा आएको हुँ । घरमा बहिनी र भाइको पनि यही समयमा कक्षा सञ्चालन हुन्छ । उनीहरुको कक्षा छुट्यो ।

मनिषको भाइ सचिन सोही विद्यालयमा कक्षा ५मा पढ्छन् । उनकी बहिनी मनिषा कक्षा ८मा पढ्छिन् । उनीहरुका लागि अनलाइन कक्षा लिन मोवाइल नभएका कारण दिनैपिच्छे कक्षा छुट्छ- मनिषले भने - मेरो पनि प्रायः कक्षा छुट्छ । पैसा हुँदा डाटा लिन्छु । नहुँदा कहाँ जाँदा नेट हुन्छ त्यहीँ पुगेर भए पनि पढ्ने गरेको छु ।

(बाँकी अन्तिम पृष्ठमा)

धार्मिक तथा पर्यटकीय क्षेत्र बन्द

गणेश अर्याल

इलाम, बैशाख १५। इलामको रोड गाउँपालिकामा कोभिड सक्रमणबाट हुन सक्ने जोखिमलाई मध्यनजर गर्दै बुधबारबाट सबै विद्यालयहरु बन्द गरिएको छ ।

गाउँपालिका स्तरीय बिपद् व्यवस्थापन समितिको बैठकले सो निर्णय गरेको हो । हाट बजार मेला, चर्च गुम्बा मन्दिर लगायतका धार्मिकस्थलहरु अर्को सूचना जारी नभएसम्म बन्द गर्ने लगायतका निर्णय भएको जोखिम व्यवस्थापन समितिका संयोजक एवम् रोड गाउँपालिकाका अध्यक्ष शम्शेर राईले पूर्वाञ्चलालाई बताए । रोड गाउँपालिकाको वडा नम्बर ४मा कोभिडको लक्षण भएको बिरामी देखा परेपछि सो निर्णय गरिएको गाउँपालिका अध्यक्ष राइको भनाइ छ ।

'गाउँपालिकाले सञ्चालन गरिरहेको

(बाँकी अन्तिम पृष्ठमा)

चेपिएर मृत्यु

सुनसरी, बैशाख १५। सुनसरी दुहवी नगरपालिका-८ फुटानी चोकमा रहेको पशुपति फ्याक्ट्रीका मजदुर भारत बिहार सम्सतिपुरका १९ वर्षीय रुपेशकुमारको

(बाँकी अन्तिम पृष्ठमा)

सटर तथा फल्याट भाडामा

बिर्तामोडस्थित कलकत्ता मिष्ठान्न भण्डारसंग पूर्व जोडिएको सहकारी, बैंक तथा व्यवसायिक प्रयोजनको लागि उपयुक्त फल्याट भाडामा छ ।

सम्पर्क: ९८१८२६५२८१

डाक्टर आउने बारेको सूचना

डा. दिपायन पाण्डे

MBBS (BPKIHS) MD I NCM-13317

वरिष्ठ छाला, सौन्दर्य तथा यौन रोग विशेषज्ञ

यसपटक यही बैशाख १६ गते आज बिहीवार आउँदै हुनुहुन्छ ।

जीवन रक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर, भद्रपुर रोड, यमाहा शोरुम अगाडि

फोन नं. ०२३-५४९२४२, ९८१७०९४६०१

सुवर्ण अवसर ! सुवर्ण अवसर !!

यस Best future मन्टेश्वरी तालिम केन्द्रमा मन्टेश्वरी तालिमका एकहप्ता, दुई हप्ता, एक महिना र तीन महिनामा हुने विभिन्न कोर्षहरुमा मन्टेश्वरीको तालिम लिई आफ्नो उत्कृष्ट बनाई रोजगारीको सुनिश्चतता गर्नुहोस् ।

तालिममा उत्कृष्ट हुने १५ जनालाई रोजगारीको पूर्ण ग्यारेन्टी गरिनेछ । *नोटः तालिमका कक्षाहरु बैशाख १९ गते आइतबारबाट सञ्चालन हुनेछ । साथै यस स्कुलमा कक्षा PG देखि U.K.G. सम्मका नानीहरुका लागि भर्ना खुलेको समेत जानकारी गरिन्छ ।*

सम्पर्क : ९८४९२५५७२५, ९८४१८५७४४७, ०२३-५४२६४७

Best Future Montessori School & training center, Birtamod-06

(पानीटंकीको रेटमा बिर्तामोडमै मोबाइल सेट)

मोबाइल ! मोबाइल !! मोबाइल !!!

हामी कहाँ सम्पूर्ण ब्राण्डका मोबाइल सेट SAMSUNG oppo, vivo, Redmi, MI, Lava, Nokia, One plus, Real me **इत्यादि** साथै मोबाइल कभर, ब्याट्री, टेम्पर ग्लास, चार्जर, एयरफोन, डाटाकेवल लगायत मोबाइलका सम्पूर्ण एसेसरीजहरु खुद्रा तथा होलसेलमा पाइन्छ ।

मेची मोबाइल एण्ड एसेसरीज, पुरानो भद्रपुररोड, बिर्तामोड

सम्पर्क फोनः- ०२३-५४२४३१, ९८०४९३५३५१

हार्दिक अपिल

राष्ट्रिय, अन्तर्राष्ट्रिय जगतमा महामारीको रुपमा फैलिएको कोभिड-१९ (कोरोना भाइरस दोस्रो कहर) को रुपमा पुनः डरलाग्दो र भयानक स्थितिमा देखा पर्न थालेपछि तपाईं हामी आम नागरिक सचेत र सजग हुन जरुरी छ । हामी यसै अपिलमार्फत जिल्लाभरिका राजनीतिक दल, सबै संघ-संस्था, यातायात व्यवसायी, विद्यालय, उद्योगी, व्यवसायी तथा आम नागरिक समक्ष सजग रहन आग्रह गर्दछौं । हामी नागरिक र हाम्रो संस्कार अनुसार गरिने विवाह ब्रतबन्ध, मरिमराउ, अन्त्येष्टि जस्ता कार्यहरुमा सरकारले तय गरेको मापदण्डलाई कार्यान्वयन गर्न गराउन र पालना गर्न हार्दिक अपिल गर्दछौं ।

पदमप्रसाद प्रसाईं
अध्यक्ष
आदर्श सामुदायिक प्रहरी सेवा केन्द्र

केशवराज पाठक
अध्यक्ष
बिर्ता सामुदायिक प्रहरी सेवा केन्द्र

उत्तम खनाल
अध्यक्ष
सुन्दर सामुदायिक प्रहरी सेवा केन्द्र

बिर्तामोड, झापा

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

कर्मचारी आवश्यकता

हुण्डाई सोरुम (एलायन्स मोटर्स), बिर्तामोडका लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेको हुँदा योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

सेल्स कन्सल्टेन्ट १ जना
न्युनतम शैक्षिक योग्यता : स्नातक वा सो सरह

एकाउण्टेन्ट १ जना
न्युनतम शैक्षिक योग्यता : कक्षा १२ उत्तीर्ण वा सो सरह
Excel, Accounting, Tally को Basic Knowledge भएको र कम्तीमा १ वर्षको अनुभव

मेकानिक १ जना
न्युनतम योग्यता : कम्तिमा ३ वर्ष सम्बन्धित क्षेत्रको अनुभव

आवश्यक कागजात
नागरिकताको प्रतिलिपि
पासपोर्ट साइजको १ प्रति फोटो
शैक्षिक योग्यताको प्रमाण पत्र
अनुभवको प्रमाण पत्र

अनुभवीलाई विशेष प्राथमिकता

फर्म बुझाउने अन्तिम मिति : २०७८ बैशाख १८ गते ३ बजेसम्म

ALLIANCE MOTORS
एलायन्स मोटर्स प्रा.लि.
हुण्डाई सोरुम, बिर्तामोड (काकरभिट्टा रोड)
HYUNDAI

सम्पर्क नं. ०२३-५४१४९५ / ९८०२६७२०४४ / ९८०२६७२०४७

कमलमा सुनवाई

कमल, बैशाख १५। कमल गाउँपालिकाले चालू आर्थिक वर्षको दोश्रो चौमासिकसम्म भएगरेका कामको जानकारी गराउने उद्देश्यले सार्वजनिक सुनवाई कार्यक्रम सम्पन्न गरेको छ ।

गाउँपालिकाको आयोजना र झापा युनेस्को संघको सहजीकरणमा भएको कार्यक्रममा चालू आर्थिक वर्षको दोश्रो चौमासिकसम्मका प्रगतिको जानकारी गराइएको थियो । नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने विकास निर्माण, सेवा प्रभावका बारेमा जानकारी गराउँदै कर्मचारीले काम गर्दा कुनै त्रुटि भएको छ भने सच्याउँदै नागरिकको अगाडि निर्धक्क उभिन सक्ने हैसियत बनाउने भएकोले सार्वजनिक सुनवाई गरिएको प्रमुख प्रशासकीय अधिकृत सुवास श्रेष्ठले बताए ।

हामीले गरेका कामबाट जनता सन्तुष्ट छन् कि छैनन् ? जनताको अपेक्षा के छ ? यसैका लागि कार्यक्रमको आयोजना गरिएको भन्दै पालिका अध्यक्ष मेनुका काफ्लेले सेवाग्राहीका गुनासाहरुलाई सुझावका रुपमा लिएर अगाडि बढ्ने प्रतिबद्धता जनाइन् । सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरण झापा युनेस्को संघका विजय तिम्सिनाले गरेका थिए ।

टेलिकमको तार चोर्ने पक्राउ

मेचीनगर, बैशाख १५। मेचीनगरमा इन्टरनेट र टेलिफोनको तार चोरी गरेको आरोपमा एक किशोरसहित दुई व्यक्ति पक्राउ परेका छन् ।

मेचीनगर-७ को नयाँ बसपार्क क्षेत्रमा नेपाल टेलिकमको केबुल तार चोरी भएपछि विगत एक सातादेखि पूर्वीनाका काँकरभिट्टाका एक सय ५० टेलिफोन अवरुद्ध भएका छन् भने इन्टरनेट सेवा बन्द छ ।

इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी नायव उपरीक्षक सुनिल दाहालका अनुसार नेपाल टेलिकमको केवल तार चोरी गर्ने गिरोहका दुई जना भारतको पानीट्याङ्कीबाट पक्राउ परेका हुन् । पक्राउ पर्नेमा मेचीनगर-६ का १६ वर्षीय एक किशोर र भारत पानीट्याङ्कीका २१ वर्षीय सञ्जु वर्मन रहेका छन् । आइतबार राति पानीट्याङ्कीबाट पक्राउ गरेर दुवैलाई हाल इप्रका काँकरभिट्टाको हिरासतमा राखिएको छ ।

तार चोरीमा लामो समयदेखि गिरोह सक्रिय रहेको हुँदा अरु व्यक्तिहरूको खोजी कार्य तीव्र पारिएको दाहालले बताए । शनिबार राति काँकरभिट्टामा फेरि ७५ मिटर तार चोरी भएपछि प्रहरीलाई अभियुक्तको खोजतलासका लागि अनुरोध गरिएको नेपाल टेलिकम कार्यालय काँकरभिट्टाका प्रमुख श्यामकुमार अधिकारीले बताए । गत माघयता मेचीनगरमा तीन सय मिटरभन्दा बढी केबुल तार चोरी भइसकेको छ । इँटाभट्टा र धुलाबारी क्षेत्रमा समेत विगतदेखि केबुल तार चोरीका घटना भइरहेका छन् ।

तार चोरी भएसँगै त्यस क्षेत्रका एक सय ५० वटा ल्यान्डलाइन र इन्टरनेट सेवा अवरुद्ध हुँदा उपभोक्ताहरू आक्रोशित भएका छन् । 'न टेलिफोन चल्छ, न इन्टरनेट नै'-मेचीनगर-६ का पूर्णबहादुर राईले भने- 'आफन्तसँग फोनमा कुरा गर्न पाएका छैनौं, केटाकेटीहरूले अनलाइनमा पढ्न पाएका छैनन् ।' तार चोरी गर्ने गिरोहलाई तत्काल पक्राउ गरी कारवाही गर्न र टेलिकमले सेवा चाँडो चालू गर्न राईले माग गरे । इमेलमा आएका महत्वपूर्ण डकुमेन्ट हेर्न र पठाउन नपाइएको सामुदायिक विकास मञ्चका अध्यक्ष सोमराज ढकालले बताए ।

हाल पक्राउ परेका दुवैजना लागूऔषध सेवनकर्ता रहेको प्रहरीको भनाइ छ । गिरोहले रातमा तार चोरी गरेर भारतको पानीट्याङ्की बजारमा लगी बिक्री गर्दै आएको अनुसन्धानबाट खुलेको छ । त्यस्तो तार प्रतिकेजी रु. एक हजारका दरले बिक्री हुने गरेको छ । कुलतमा फँसेका युवाहरू तार चोरीमा संलग्न हुने गरेको र त्यही धन्दाबाट आर्जित रकमले लागूऔषध खरिद गरेको पाइएको हुँदा अभिभावकले समेत छोराछोरीको आचरण निगरानीमा लाग्नुपर्ने देखिएको छ ।

संक्रमितलाई काठमाडौंबाट वीएण्डसी ल्याइयो

झापा, बैशाख १५। कोरोना संक्रमित एक जना बिरामीलाई काठमाडौंबाट उपचारका लागि झापा ल्याइएको छ ।

काठमाडौंमा उपचार गर्न बेड अभाव भएपछि झापाको शिवसताक्षी-८ घर भएका ६८ वर्षीय एक पुरुषलाई झापा ल्याइएको हो । हेलिकप्टर चार्टर गर्दै उनलाई बिर्तामोड ल्याइएको र वीएण्डसी अस्पतालमा उपचार शुरु गरिएको बताइएको छ । काठमाडौं बस्दै आएका ६८ वर्षीय उनको काठमाडौंमा उपचार सहज नभएपछि झापा ल्याएको बताइएको छ ।

उनलाई वीएण्डसी अस्पतालको सघन उपचार कक्षमा राखेर उपचार थालिएको अस्पतालका जनसम्पर्क अधिकारी प्रमिश गिरीले जानकारी दिए । हाल बीएण्डसीमा ५ जना कोरोना संक्रमितको उपचार भइरहेको जनसम्पर्क अधिकारी गिरीले बताए ।

भद्रपुर माविमा दुई वटा पुरस्कार स्थापना

भद्रपुर, बैशाख १५। भद्रपुर माध्यमिक विद्यालयमा दुईवटा पुरस्कार स्थापना गरिएको छ । विद्यालयका भूतपूर्व विद्यार्थीहरूले छुट्टाछुट्टै अक्षयकोष खडा गरी पुरस्कारको स्थापना गरेका हुन् ।

विद्यालयमा मंगलबार आयोजित एक संक्षिप्त कार्यक्रमका बीच स्व. देवीकुमारी श्रेष्ठ एवम् स्व.गोपालमान श्रेष्ठको स्मृतिमा भूतपूर्व विद्यार्थी प्रकाशमान श्रेष्ठ र उनकी श्रीमती निता श्रेष्ठले एक लाख ११ हजार एक सय ११ रुपैयाँको अक्षयकोष स्थापना गरेका हुन् ।

त्यस्तै स्व. विष्णुप्रसाद दुलालको स्मृतिमा उनका परिवारका सदस्य धर्मप्रसाद, जानुका र अर्जुन दुलालले एक लाख ११ हजार एक सय ११ रुपैयाँको अक्षयकोष स्थापना गरेका छन् । दुवै अक्षयकोषको रकम बैङ्कमा जम्मा गरी त्यसबाट वार्षिक रुपमा आउने ब्याजको रकमबाट हरेक वर्ष कक्षा १० उत्तीर्ण गर्ने र कक्षा ११ मा पढ्ने दुई छात्र र दुई छात्रालाई पुरस्कृत गरिने प्रधानाध्यापक कुलबहादुर गुरुङले जानकारी दिए ।

विद्यालय व्यवस्थापन समितिका सदस्य चन्द्रप्रसाद उप्रेतीको अध्यक्षता तथा भद्रपुर-५ नम्बर वडाध्यक्ष बन्धु कार्कीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नगर शिक्षा, खेलकुद तथा युवा शाखाका प्रमुख प्रेम भुजेल, दाताको तर्फबाट धर्मप्रसाद दुलाल, निता श्रेष्ठ लगायतले बोलेका थिए । शिक्षक होम गुरुङले स्वागत गरेको कार्यक्रमको सञ्चालन काजीमान लिम्बूले गरेका थिए ।

१२० जनाको मुद्दा फिर्ता

झापा, बैशाख १५। सरकारले तराई-मधेश आन्दोलनसँग सम्बन्धित १५ मुद्दाका १२० अभियुक्तका मुद्दा फिर्ता लिएको छ । जनता समाजवादी पार्टीसँगको वार्ताका क्रममा सरकारले सो निर्णय गरेको हो ।

मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्ता पार्वत गुरुङले मधेश र नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीसँग सम्बन्धित मुद्दा फिर्ता लिने क्रम जारी रहेको बुधवार सूचना तथा सञ्चार प्रविधि मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए ।

सहनशील र नारी चेतनाको भवनको उद्घाटन

अर्जुनधारा, वैशाख १५। झापाको अर्जुनधारा-८स्थित सहनशील महिला बचत तथा ऋण सहकारी संस्था र नारी चेतना समूहको नवनिर्मित संयुक्त भवनको बुधबार उद्घाटन गरिएको छ ।

संस्थाको १० धुर क्षेत्रफल जमिनमा निर्माण सम्पन्न भएको उक्त एक तले पक्की भवनको अर्जुनधारा नगरपालिकाका प्रमुख हरिकुमार रानाले उद्घाटन गरेका हुन् । भवनको कूल लागत रकम २५ लाख २२ हजार नौ सय २० रुपैयाँ रहेको संस्थाकी व्यवस्थापक एवम् समूहकी अध्यक्ष पम्फा विश्वकर्माले जानकारी दिइन् । कूल लागत रकममध्ये अर्जुनधारा नगरपालिकाबाट पाँच लाख रुपैयाँ विनियोजन भएको र दाताहरुबाट एक लाख ४६ हजार नौ सय ५० रुपैयाँ सहयोग प्राप्त भएको बताइएको छ ।

दुई कोठा रहेको सो भवनमा हाल संस्थाले सञ्चालन गर्दै आएको ढाका बुनाइको कार्यलाई थप विस्तार गरी उद्योग स्थापना गर्ने तयारी संस्थाको रहेको संस्थाकी अध्यक्ष ज्ञानकुमारी थापाले बताइन् ।

उपप्रमुख कमला खतिवडा आचार्य, वडाध्यक्ष गोपीचन्द्र गौतम, नगर पूर्वाधार विकास समितिका संयोजक रमेश त्रिखत्री, संस्थाकी सल्लाहकार संयोजक सरस्वती सिटौला गोलेलगायतको सहभागिता रहेको कार्यक्रममा सहभागीहरुलाई मास्क तथा ह्यान्ड सेनिटाइजरको व्यवस्थापन गरिएको थियो ।

प्रतिबन्धित औषधिसहित दुई जना पक्राउ

मोरङ, बैशाख १५। मोरङ उर्लाबारी नगरपालिका-४स्थित आइतबारे बजारबाट प्रतिबन्धित औषधिसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा उर्लाबारी-४का२१ बर्षीय सागर तामाङ् र सोही स्थानका १७ बर्षीय दिपेश राजवंशी रहेका छन् । मंगलबार बेलुका ७ बजे प्रहरी टोलीले चेकजाँचको क्रममा उनीहरुलाई प्रतिबन्धित औषधि ट्रामोल-१०० चक्की र डिकोलिक-१०० चक्कीसहित पक्राउ गरिएको इलाका प्रहरी कार्यालय उर्लाबारीले जनाएको छ ।

धार्मिक ...

तालिम गोष्ठी लगायतको सबै कार्यक्रम पनि हाललाई स्थगित गरिएको छ'- गाउँपालिका अध्यक्ष राईले भने- 'गाउँपालिकाभित्रका २ जनालाई कोरना पुष्टि भएकोले यस प्रकारको निर्णय गरिएको हो । उनले जनता सुरक्षित रहे मात्रै बिकास निर्माण गर्न सकिने भएकाले हाललाई मानिस भेला भएर गरिने काम रोकिएको बताए । गाउँपालिका अध्यक्ष राईले एउटा सानो टोल बिकास क्षेत्र भित्रका मात्रै मानिसहरु भेला भएर गर्न सकिने बिकास निर्माणको काम भने स्वास्थ्य मापदण्ड कायम राखेर गर्ने पनि बताए ।

सिंटीमै ...

कुनै-कुनै दिन बुवाले मोबाइलमा ५० रुपैयाँ दिनुहुन्छ, त्यही पैसाले रिचार्ज गर्छु, ४२ रुपैयाँको डाटा प्याक लिन्छु । ८०० सय एमबी आउँछ । त्यही डाटाले पढ्ने गरेको छु । तर, दिनहुँ ५० रुपैयाँ रिचार्ज गरेर पढ्न सक्ने अवस्था छैन- मनिषले भने- हाम्रो घरमा तीन जना पढ्ने छौं, मोबाइल एउटा मात्रै । आलो-पालो पढ्नुको विकल्प छैन । पढिएन भने दुःख पाइन्छ- मनिषले भने- अहिले पढ्न पाए भने पछि ठूलो मान्छे हुन्छु भन्ने सोच राखेको छु । बुवाले जस्तो दुःख गर्न नपरोस् भनेर मेहनत गरिरहेको छु- मनिषले भने ।

मनिषका बुवा पेशाले सैलुन व्यवसायी हुन् । यही व्यवसाय सञ्चालन गरेर जसोतसो आफ्ना तीन सन्तानलाई निजी विद्यालयमा अध्ययन गराउँदै आएका उनका लागि अहिले समस्याले गाँजेको छ । गत वर्षको चैत महिनाबाट देखिएको कोभिडको समस्याले उनको व्यवसाय समेत धरापमा छ । यस्तो अवस्थामा आफ्नो परिवार सञ्चालन गर्नु र शिक्षा दिक्षा दिनु उनका लागि चुनौति छँदैछ तर, कोभिडका कारण व्यवसाय नै धरापमा परेपछि छोराछोरीको पढाइको कुरा त परै जाओस् घर व्यवहार चलाउन समेत समस्या भएको बाबु सन्तोषको भनाइ छ ।

मनिषको परिवारमा मात्र होइन अहिले अधिकांश विद्यार्थीलाई अध्ययनमा समस्या छ । अझ विपन्नता भएका परिवारका लागि अनलाइन शिक्षा खर्चिलो र महंगो छ । जसका कारण चाहेर पनि विद्यार्थी अनलाइन शिक्षा लिन सकिरहेका छैनन् । विद्यालय पठनपाठनमा समस्याका चाङैचाङ लागिरहेका बेला फेरि कोरोनाको महामारीले बन्दाबन्दीमा पुऱ्याएको छ । पूरै मानव समाज बन्दाबन्दीमा पुगेको छ । शिक्षा निल्नु न ओकल्नु भएको देखिन्छ । विद्यालयहरु ठप्प छन् । शिशु कक्षा (प्ले ग्रुप) देखि १२ कक्षासम्म देशभरि करिब ७५ लाख केटाकेटी विद्यालय जाने गरेको शिक्षा विभागको तथ्याङ्कमा उल्लेख छ ।

कोरोना कै कारण सामुदायिक विद्यालयमा आफ्ना छोराछोरी पढाउने अभिभावकहरु गुणस्तर कमजोर हुने भयले चिन्तित छन् भने निजीमा पढाउनेहरु महंगो शुल्कका कारण थप मर्कामा छन् । गरीब र धनी दुवैथरी अभिभावकहरु कोभिडको भयसँगै सन्तानको भविष्यबारे चिन्तित छन् ।

ठाकुरको परिवार मात्र होइन अहिले कोभिडको त्रास बढ्दै गएपछि आफ्ना सन्ततिलाई अनलाइन पठनपाठन गराउनैपर्ने सबै अभिभावकलाई बाध्यता छ । अधिकांश अभिभावक जसको आफ्नो बस्ने बास समेत छैन, तिनले छोराछोरीलाई मोबाइल र ल्यापटप कसरी जुटाउने ? छोराछोरीलाई ती ग्याजेट चलाउन कसरी महत गर्ने ? जसको आफ्नैसमेत प्रविधिमा पहुँच छैन र भए पनि राम्ररी चलाउन जानेका छैनन् ।

गाउँ र शहरको शिक्षणमा विद्यमान विभेदः चाहे निजी हुन् या सरकारी गाउँ र शहरको शिक्षणविधि र सुविधामा आकाश-जमिनको फरक छ । क्षमतावान् शिक्षकहरु धेरै शहरमै हुन्छन् । यस्तो विभेद विद्यमान रहेका बेला झन् प्रविधिमार्फत अनलाइन शिक्षण गर्दा हालत कस्तो होला अभिभावकको चिन्ताको विषय बनेको छ अहिले । सिकाइ गुणस्तरको खाडल कति बढ्ला, विद्यार्थीको हातहातमा मोबाइल र अनलिमिटेड इन्टरनेट भएपछि त्यसले निम्त्याउने विकृति कस्तो होला ? यो अर्को प्रमुख चुनौति एकातिर छँदैछ अर्कोतिर निम्न आय भएका मनिसका लागि अनलाइन शिक्षा खर्चिलो र महंगो छ । जसका कारण चाहेर पनि विद्यार्थी अनलाइन शिक्षा लिन सकिरहेका छैनन् । विद्यालय पठनपाठनमा समस्याका चाङैचाङ लागिरहेका बेला फेरि कोरोनाको महामारीले बन्दाबन्दीमा पुऱ्याएको छ । पूरै मानव

मूल्यबृद्धि ...

उनले जिल्लामा तत्काललै निषेधाज्ञा नहुने भए पनि सरकारले तराईमा ५ सय र पहाडमा २ सय कोभिड-१९ सक्रमितको संख्या पुगे सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले निषेधाज्ञा जारी गर्न सक्ने बताए पनि हाल झापामा त्यस्तो अवस्था नरहेको प्रष्ट पारे । तर, जिल्लामा संक्रमितको संख्या दैनिक बढिरहेको भन्दै उनले चिन्ता व्यक्त गरे । मुख्यः गरी काँकरभिट्टा नाकालाई सुरक्षित राख्न सके सबै सुरक्षित हुने भन्दै उनले यो नाका सुरक्षित राख्नुपर्ने जिम्मा सबैको रहेको बताए । होल्डिङ्ग सेन्टर सञ्चालनका बारेमा बोल्दै पजिअ तिमिल्सिनाले यसको व्यवस्थापनमा सबै लाग्नुपर्ने बताए ।

मेची भन्सार कार्यालय काँकरभिट्टाको सभाहलमा आयोजित छलफलमा मेचीनगर नगरपालिका प्रमुख विमल आचार्यले जिल्लाका अन्यनाकाको तुलनामा काँकरभिट्टा व्यवस्थापनमा यहाँका यातायात, ट्राभल, होटल व्यवसायीसहित सरकारी र गैरसरकारी कार्यालयका प्रमुख, प्रतिनिधिलगायत नगरका उद्योगी, व्यवसायी सबै एकसाथ लाग्नुपर्नेमा जोड दिए । भारतका विभिन्न शहरबाट मालवाहक सवारीसाधन लिएर आउने चालक, सह-चालकको व्यवस्थापनमा ट्रान्स नेपाल फ्रेट सर्भिसेज प्रालि लाग्नुपर्ने बताउँदै प्रमुख आचार्यले मालवाहक सवारी साधन लिएर भन्सार परिसरमा पार्किङ्ग गरिसकेपछि उनीहरुलाई खुल्लम्खुल्ला रुपमा बजार आवतजावत गर्न रोक लगाउन समेत प्रालि लाग्नुपर्ने बताए । उनीहरुका लागि चाहिने आवश्यक सामग्रीको व्यवस्थापन प्रालिले नै गर्नुपर्ने उनको भनाइ छ ।

कोभिड-१९को पीडा कसैले पनि व्यहोर्नुनपरोस् भन्दै उनले यसबाट बेलैमा सबै सचेत र सुरक्षित हुनुपर्ने धारणा राखे । प्रमुख आचार्यले भारतीय नम्बर प्लेटका सवारी साधनको नियन्त्रण, कोभिड-१९को सचेतनामूलक प्रचारप्रसार, होटललाई मापदण्ड पुऱ्याएर आइसोलेसन तथा क्वारेन्टाइनका रुपमा विकास गर्नुपर्ने, दूतावासबाट अनुमति पाएका सवारी साधनको सञ्चालन, शुभ कार्यदेखि र शोकको घडीलाई समेत कसरी व्यवस्थित गर्न सकिन्छ सोच्नुपर्ने बताए ।

उपप्रमुख मीना पोखरेल उप्रेतीले भारतसँग सीमा जोडिएको मेचीनगर क्षेत्रको खुला सीमालाई नियन्त्रण गर्न स्थानीय सरकार लागीपरेको बताइन् । स्थानीय सरकारले यस नाकाबाट कोभिड-१९ संक्रमण फैलन नदिन शुरुदेखि नै लागेको बताइन् । नगरले नगरक्षेत्रमा सचेतनामूलक कार्य सञ्चालन गर्ने तथा नगरवासीलाई अनावश्यक रुपमा हुने भीडभाडमा नजान आग्रह गरेको बताउँदै उनले मास्क, सेनिटाइजर, ग्लोब्ससहित स्वास्थ्य सामग्री अनिवार्य प्रयोग गर्न लगाएको जानकारी दिइन् । सशस्त्र प्रहरी बल नेपाल नम्बर २ गण हेडक्वाटर चन्द्रगढीका गणपति सशस्त्र प्रहरी उपरीक्षक रमेशकुमार पाण्डेले काँकरभिट्टा नाका भएर भारतबाट आउने नेपालीहरुलाई पीसीआर टेष्टको रिपोर्ट हेरेर तथा नेपालबाट भारत जानेहरुलाई परिचय-पत्रका आधारमा आवतजावत गर्न दिइएको भए पनि रिपोर्टको विश्वसनीयताका बारेमा प्रश्न उठाए ।

छलफलमा नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य शुभद्रा भट्टराई, जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक सानुराम भट्टराई, इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी नायव उपरीक्षक सुनिलसिंह दाहाल, सशस्त्र प्रहरी बल नेपाल काँकरभिट्टा बोर्डर आउट पोस्ट वीओपीका प्रमुख सशस्त्र प्रहरी निरीक्षक प्रेम राई, नेपाली सेना, राष्ट्रिय अनुसन्धानका प्रमुख प्रतिनिधि, होटल, यातायात, ट्राभल व्यवसायी संघका प्रमुख तथा प्रतिनिधिहरुले आ-आफ्नो विचार राखेका थिए ।

चेपिएर ...

लिफ्टमा चेपिएर मृत्यु भएको छ ।

सोही फ्याक्ट्रीमा दुई तलामाथि सामान लैजाने क्रममा लिफ्टमा अचानक टाउको चेपिएर उनको मृत्यु भएको इलाका प्रहरी कार्यालय दुहबीले जनाएको छ । घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको सो कार्यालयले जनाएको छ ।

असल संस्कार र समृद्धिका लागि एनएमसी

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

NMC-COOP

कर्पोरेन्ट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, झापाको

सम्पर्कमा आउने बारे सूचना

प्रथमपटक प्रकाशित मिति : २०७८।१।१६

नाम : **शम्भु राई**

ठेगाना : बिर्तामोड-५ (अस्थायी)

सम्पर्क नं. ९८०६०७७९०७

कचनकवल गाउँपालिका वडा नं.७ स्थायी बसोबास भई हाल बिर्तामोड नगरपालिका वडा नं. ५ मा अस्थायी बसोबास गर्दै आउनुभएका यस संस्थाको कर्पोरेट कार्यालयमा वरिष्ठ सहायक प्रथम पदमा कार्यरत कर्मचारी तपाई शम्भु राईले संस्थाको नीति विपरीत कार्य गरेको निष्कर्ष निकाल्दै सञ्चालक समितिको निर्णय बमोजिम तपाईलाई ३ महिनाका लागि निलम्बन गरिएको र निलम्बनको अवधिमा तपाईले संस्थामा बुझाउनुपर्ने हिसाब फरफारक नगरेको साथै संस्थासँग सम्पर्क बाहिर रहेकोले यो सूचना प्रकाशित भएको ७ (सात) दिनभित्र संस्थामा सम्पर्क गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः तोकिएको समयसीमाभित्र सम्पर्कमा नआएमा संस्थाले कानून बमोजिम कारवाहीको प्रक्रिया अगाडि बढाउने समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

– कर्पोरेट कार्यालय

बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

कारागार कार्यालय झापाको लुगा खरिद सम्बन्धी १५ दिने सूचना

मिति २०७८/०१/१६

यस कार्यालयमा रहेका कैदी वा थुनुवालाई प्रत्येक २ वर्षमा दिने लुगा खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० तथा नियमावली २०६४ को नियम ८४ एवम् कार्यालय मिति २०७८/०१/१५ गतेको निर्णय अनुसार लुगा खरिद गर्न सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । इच्छुक दरभाउपत्र दाताहरुले तपसिल बमोजिमका सर्तहरुमा रही बोलपत्र पेश गर्न सकिने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

तपसिल :

१) **सिलबन्दी दरभाउका साथ अद्यावधिक फर्म र कम्पनी दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी र निवेदन अनिवार्य पेश गर्नुपर्नेछ ।**

२) **उपलब्ध गराउनुपर्ने लुगाहरुको विवरण तपशिल अनुसार रहेको छ ।**

क्र.सं.	विवरण	लुगाको स्पेसिफिकेसन	गुणस्तर	कैफियत
१	सिरक	३ केजी तौल, लम्बाइ ७ फुट, चौडाइ ४ फुट	कपासको सेतो	खोल र ज्यालासहित तयारी
२	डसना	३ केजी तौल, लम्बाइ ७ फुट, चौडाइ ४ फुट	कपासको सेतो	ज्यालासहित तयारी
३	तन्ना	लम्बाइ ७ फुट, चौडाइ ४ फुट	सुतीको	ज्यालासहित तयारी

३) लुगाको परिमाण ४९७ सेट र प्रतिसेट अधिकतम् रकम रु. २४९३.३६ का दरले जम्मा अधिकतम् रकम रु. १२३९१९९.९२ (अक्षरेपी रु. बाह्र लाख उनन्चालीस हजार एक सय उनान्सय पैसा बयानब्बे मात्र) कर बाहेक तोकिएको छ ।

४) यो सूचना जारी भएको मितिले १५औं दिनभित्रमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गरी रु. १००० मा दरभाउपत्र खरिद गर्न सकिने छ । खरिद गरिएका दरभाउपत्रहरु सूचना जारी भएको मितिले १६औं दिन मिति २०७८/०१/३१ गते दिनको ठीक १:०० बजेभित्र दाखिला गरिसक्नु पर्नेछ । यसरी दाखिला भएका दरभाउपत्रहरु सोही दिनको ३:०० बजे दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाता वा निजहरुको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५) दरभाउ पत्र फारम पेश गर्दा सो दरभाउ पत्र खाममित्र राखी खाममा सिलछाप समेत लगाई खाम बाहिर दरभाउ पत्रको नं., दरभाउ पत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले सहीछाप समेत गरी पेश गर्नुपर्नेछ । दरभाउपत्र फारममा दर स्पष्ट बुझिने गरी अंक र अक्षरमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

६) दरभाउपत्र दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट उक्त कार्य हुनेछ ।

७) दरभाउ पत्रका साथ दरभाउ पत्रदातासे एकमुष्ठ रकम रु. ४०,०००,० (चालीस हजार मात्र) राष्ट्रिय वाणिज्य बैंकको खाता नं. २२१०१००१०२०३०००० मा बैंक जमानत राखी सो जमानतको सक्कल भौचर दरभाउ पत्रका साथ पेश गर्नुपर्नेछ ।

८) रित नपुगेका वा म्याद नाघी आएका दरभाउपत्रहरु उपर कुनै कावांही हुने छैन ।

९) रितपूर्वक आई स्वीकृत भएको दरभाउपत्र दाताले सम्झौता अनुसारका लुगाहरु सम्झौता भएको १० दिनभित्र कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ । सम्झौता अनुसार लुगा उपलब्ध नगराए धरौटी रकमको १०प्रतिशत रकम धरौटी रकम जफत हुनेछ ।

१०) यस सम्बन्धमा अन्य थप जानकारी चाहिएमा यस कार्यालयमा कार्यालय समयभित्र कार्यालयको फोन नं. ०२४५५०१७मा सम्पर्क गर्न सकिनेछ ।

११) दरभाउपत्रसंग सम्बन्धित अन्य कुराहरु सार्वजनिक खरिद ऐन तथा नियमावली तथा आर्थिक कार्यविधि ऐन तथा नियमावली बमोजिम हुनेछ ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९५०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६५६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वञ्चल

सम्पादकीय

संक्रमण रोक्न कठोर बन्नुपर्छ

कोरोना संक्रमण व्यापकरुपमा बिस्तार हुन थालेपछि सरकारले सीमानाका लगायत आवत-जावतमा कडाइ गर्न थालेको छ । गत वर्ष प्रभाव नै नदेखिएका बेला लकडाउन गरेर संक्रमणको गौंडा बन्द गरेको सरकारले यो वर्ष अझ कडा र नयाँ प्रजातिको भाइरस व्यापक भइरहेका बेला आवश्यक तयारी र सतर्कता नअपनाएको आरोप लाग्दै आएको थियो । हुन पनि यतिबेला राजधानी काठमाडौं मात्र होइन पश्चिमी क्षेत्र समेत असुरक्षित भइसकेको छ । बाँके त्यसको उदाहरण हो, जहाँ संक्रमितहरुले अक्सिजन समेत पाएका छैनन् । काठमाडौंका कोभिड विशेष अस्पतालहरु विरामीले भरिएका छन् र संक्रमणको त्रास बढेको छ । यस्तो त्रासका बीच पूर्वी सीमान्त जिल्ला झापामा ढिलै भए पनि सतर्कता बढाउन थालिएको छ । खुल्ला सीमाका कारण निर्वाध आवागमन भइरहने नाकामा कडाइ गर्न र भारतीयलाई नेपाल प्रवेशमा रोक लगाइएको छ ।

झापाको अघोषित सदरमुकाम भनिने बिर्तामोडमा जनस्वास्थ्यको मापदण्डको कडाइका साथ पालना गराउन प्रमुख जिल्ला अधिकारी आफैं सडकमा निस्किएका छन् । प्रजिअ श्रवणकुमार तिमिल्सिनाको नेतृत्व प्रहरी, सञ्चारकर्मी लगायतका व्यक्तिहरु सम्मिलित टोलीले मास्क नलगाई सडकमा हिँड्नेहरुलाई मास्क वितरण गर्दै सुरक्षित रहन आग्रह गरेको छ । झापाका प्रहरी प्रमुख सानुराम भट्टराई, अनुसन्धान कार्यालयका तिलक शर्मा प्रसाई, पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, उद्योग वाणिज्य संघका कुमार भट्टराई लगायतका व्यक्ति सम्मिलित टोलीले कोरोनाविरुद्ध सचेतनाका लागि सडकमै आउनु परेको बताएका छन् । कोरोना संक्रमणले भारत जस्तो ठूलो र हाम्रो तुलनामा आर्थिक तथा वैज्ञानिक दृष्टिले समृद्ध देशलाई 'हावा-कावा'पारेको अवस्थालाई गम्भीरतापूर्वक लिइएन भने हाम्रो गति कस्तो हुन जाला अनुमान गर्नै गाह्रो छ ।

संक्रमण शुरु भएको तेह्र महिना भइसक्यो । पहिलो चरणको त्रास कम हुँदै जाँदा आममानिसले मात्र होइन सरकारले पनि संक्रमण पूर्णतः नियन्त्रण भएको ठान्यो । ठूला सभा-सम्मेलनको आयोजना गरिए, स्वास्थ्य रक्षाका मापदण्डको उल्लघंन गरियो र आज पनि त्यही अवस्था देखिएको छ । बिना काम, बिना प्रयोजन सडकयात्री, दुई पाङ्ग्रे र चारपाङ्ग्रे सवारीले बजारमा भीड बढाइरहेका छन् । न मास्कको प्रयोग छ, न दूरी कायम गरिएको छ, न त सेनिटाइजर लगायतका सावधानी अपनाइएको छ । यस्तोमा प्रहरी नै प्रयोग गरी सडकमा चेकजाँच गरी 'लाठी' नै हान्नुपर्ने अवस्था आजको आवश्यकता जत्तिकै भएको छ । भद्रतापूर्वक 'मास्क लगाऔं' भन्ने बोली त्यत्तिकै हराएर जाने अनुभवलाई हेक्का राख्दै प्रहरी प्रशासनले कठोररुपमा प्रस्तुत हुँदा मात्र संक्रमणको चेन छिनाउन सकिएला । मापदण्ड आफ्नै लागि हो भने चेत आउला भन्ने नदेखिएको अवस्थालाई स्थानीय सरकारले समन्वयनकारी भूमिका निर्वाह गर्दै प्रशासनसँगको सहकार्यमा अत्यावश्यक सेवा प्रवाह गर्नेदेखि आनीबानी सुधार गराउनेतर्फ सक्रिय हुनैपर्छ । नत्र भने आकाशमा झुण्डिएको खुकुरी कतिखेर कसको शिरमाथि खस्छ थाह हुँदैन ।

छजना अन्धाले हात्ती छामेर चिनेको दन्त्यकथा त पुनरावृत्त हुँदै छैन ?

नेपाली राजनीतिको जनपीडक अल्मल र खल्बल



नकुल काजी

विश्वव्यापी महामारी बनेर फैलिइरहेको कोभिड-१९ (कोरोना)-ले सम्पूर्ण पृथ्वीलाई नै भयाक्रान्त तुल्याइरहेको छ र विश्वका देशहरू यसको निवारण-अवरोपणका उपायहरू अवलम्बन गर्ने प्राथमिक कर्त्तव्यमा प्रवृत्त छन् । तर, नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको संवैधानिक विधिबमोजिम जनमतद्वारा राज्यव्यवस्था सञ्चालन गर्ने जिम्मेवारीमा पुर्‍याइएका पार्टीहरू 'राज्यशक्ति'-को छिनाझपटीमै अहोरात्र व्यस्त छन् । देश र जनतामा आइपर्ने कुनै र कस्तै विपत् र समस्यामा उनीहरूको आधारभूत चासो र गाम्भीर्य परावृत्त भएको पाइँदैन । यसले यस वर्तमानको सबैभन्दा दुःखद् विषय बनेर जनमनलाई बेस्सरी घोचिरहेको छ । अतः कोरोनाको बढ्दो प्रकोपले भयभीत यो समय संघीय लोकतान्त्रिक संविधानद्वारा निर्दिष्ट सारभूत सिद्धान्त शिरोधार्य गरी चल्नुपर्ने राज्यव्यवस्थाका पक्ष-प्रतिपक्ष सबैका सबै तह सत्ताशक्तिको लुछाचुँडीलाई नै उपल्लो प्राथमिकतामा राखेर चलखेल बरकरार राख्न रमाइरहेका छन् । मानों, 'जनता'-को जीवन-मरणको सवालभन्दा महत्वपूर्ण आफ्नो श्रेष्ठता प्रतिष्ठापनको स्वार्थ नै हो राजनीतिक पार्टी-प्राधिकरणहरूको बुझाइको निष्कर्ष ।

देशको कार्यकारी अधिकारसम्पन्न सरकारमा रहेको पार्टीका नेता महानुभावहरू देशको स्वाभाविक उन्नतिको पनि स्खलन भइरहेको अवस्था र जनताका जीवन-मरणको समस्याभन्दा तिनै जनताका पवित्र विश्वास र अनुकम्पाबाट आफ्नो कब्जामा आएको सत्ताशक्ति यथावत् जोगाउने लित्ती कसाइमा छन् । घोषित-अघोषित प्रतिपक्षी पार्टी र गठबन्धन-समूहहरू राज्यशक्तिमा रहेकालाई च्यूत गराई आफू त्यसमा स्थापित हुन् सडक र सभा-भवनहरू तताउन-थर्काउन र विरोधको रक्तचाप बढाउन तल्लिन छन् । मानों, उनीहरूको दायित्व, कर्त्तव्य किंवा अभीप्सा अन्तर्गत पनि देश र जनता छैनन्-तिनका विकास प्रवर्द्धन र आधारभूत कल्याण पर्दैनन् !

'देश'-को परिभाषामा अन्तर्भूत सबै अवयवमा बेथितिका चिउला पाउलिएर मौलाउन-झाङ्गिन थालेका छन् । देशवासीको वर्तमान जीवन-दैनिकीको अपूर्व अस्तव्यस्त अवस्था झन-झन जटिलतातिर उन्मुख हुँदैछ । यस्तो स्थितिका प्रति सत्तापक्ष-प्रतिपक्ष कोही पनि 'प्रवक्ता'-को भूमिका निर्वहनबाहेक उत्तरदायी र गम्भीर देखिएका छैनन् । सत्ता जोगाउने र फेरवदलको तानावाना बुन्ने तनाउले देश र जनतालाई महत्वहीन पंक्तिमा पुर्‍याइरहेको छ । अन्ततः देशलाई 'असफल राष्ट्र' घोषणा गर्नुपर्ने अवस्थातर्फ धकेल्न पो मुख्य जिम्मेवार पार्टी नेताहरू उद्यत भएका छन् कि भनेर सचेत वर्गका देशभक्त नेपालीले शंका गर्न थालेका छन् । यस शंकामा नेपथ्य निर्देशक बाह्य शक्तिहरु पनि सन्निहित हुने गरेका छन् ।

विकास-निमार्णका योजनाहरु सम्पन्न हुनुभन्दा पहिले नै उद्घाटन गर्ने र कार्यस्थलको निश्चित पहिचान नै नगरी सिहंदरवारको शक्तिशाली भीडीओ माध्यमबाट शिलान्यास गर्ने हाँस्यास्पद काममा स्वयम् कार्याकारी प्रधानमन्त्रीको लहडी रहर अग्रसर देखिँदो छ । शायद शिलालेखमा लेखिने नाम स्वतः आफ्नो विकासप्रेमी प्रसिद्धि परिचायक हुने लोभबाट उत्सर्जित हतारोले त्यसो गराएको हुन् सक्तछ ! उहिल्यैदेखि हुँदै आएका विकासे काम अहिले सिद्धिनुको स्वाभाविकतालाई आफ्नो तदारुकताको बर्को ओडाएर जन-मनमा आफ्नो योग्यता प्रतिष्ठापित गर्ने जस्ता छली र छद्भजाली भाषणहरूका 'सरकार-प्रायोजित' लाजलाग्दा समाचारहरूको बजार पनि बढाइँदैछ । काममा देखाउने होइन वकवेदान्त छाँटेर जनता ढाँट्ने अनेक 'राष्ट्रिय गौरव'-का मुकुटधारी योजना सुनाइएका छन् । कसैले त्यस सन्दर्भको प्रश्न उठाए कि बल्ल 'कोरोनाको महामारी' उच्चारण गर्ने र त्यसका कारण प्रगति नभएको भन्ने कि चाहिँ 'आफ्नै साथीहरूले अप्ठ्यारो पारेको' अपारदर्शी वहाना गर्ने गरिँदैछ ।

राज्यसत्ता यसबेला त्यसका पक्षमा अन्धस्तुति गाउनेहरूको स्वार्थसिद्धिको संस्था बनेको छ- हनुमान चालिसेहरूको व्यक्तिगत समृद्धिसिद्धि गर्ने सर्वाधिक बलियो संस्था वा प्राइभेट लिमिटेड ! जति खबरदारीका सारभूत आवाज उठ्छ उति नै राष्ट्रिय ढुकुटी कोतरेर प्रतिवादको फसल सप्रने घिनलाग्दो सोच राख्नेहरूको मण्डली सत्ताधारीका इर्दागिर्द र नेपथ्य ढाकेर भजन-कीर्तनमा मगनमस्त छन् । र, खबरदायीको ती आवाज कीर्तन चलिरहेको मन्दिरको हल्लाले कुनै कुनामा सानो शिशुले आमा खोजेको आवाजलाई निष्तेज बनाए जस्तै



बनाइँदैछ । यो त सत्रौं-अठारौं शताब्दी-शैलीको अधिनायकीय खेलोफड्को जस्तै न हो ! 'भारतविरोधी राष्ट्रवाद'-लाई सिढीं बनाएर सिंहदरवारको गादी (?) उक्लिएका प्रधानमन्त्री ओलीले भारतद्धारा अतिक्रमित लिम्पियाधुरा, लिपु लेक र कालापानी क्षेत्रलाई नेपालको मानचित्रमा समावेश गराएको विषय आफ्नो राष्ट्रवादी आँटको प्रतीक बनाएर आफ्नो प्रधानमन्त्रीकालका उपलब्धिको फेयरिस्तमा मोतिको यूँ बनाइरहनु भएको छ । तर, त्यो सैद्धान्तिक नक्साले भौतिक जीवन पाउन त परै जाओस् भारतीय उच्च पदस्य दूतहरू नेपाल आएर उहाँसँग सुटुक्क भेट गरी फर्केपछि सो चुच्चे नक्सा छापिएका नेपाली पाठ्य-पुस्तक वितरणमा ठाडै रोक लगाउनु भयो । र, चुच्चे नक्साको राजनीति एउटा पहेली बनेर सचेत नेपाली देशभक्तहरूका घट-घटमा बिझाउने खील बनेको छ । त्यति मात्र होइन, भारतले मेचीदेखि महाकालीसम्म जम्मा ७१ ठाउँमा नेपाली भूमि लुछेर उसको उपभोगमा ल्याइरहेको बुद्धिनारायण श्रेष्ठ प्रभृति सीमाविदहरू लगायत नेपाली भूमिप्रति आत्मनिवेदित बुद्धिजीवी र विश्लेषकहरूले आवाज उठाइरहेका छन् । तर, ती आवाजहरूको सुनुवाइ भइरहेको छैन् ।

जपेकै मात्र सुन्ने र चित्त बुझाउनुपर्ने हो भने सत्तापक्ष-प्रतिपक्ष कुनैका भाषण-साहित्यमा 'जनार्दन'-कै दर्जामा 'जनता'-लाई भजेको प्रचूर सुन्न पाइन्छ । तर, तिनै पार्टी नेताका साँढे जुधाइले जनतालाई पीडित-प्रताडित तुल्याइरहेको यथार्थ ढाकेर-छापेर नसकिने छ । राज्यका प्रशासनिक संयन्त्रहरू उसरी नै जनताका सरकारी विधि-व्यवहार मिलाउने काममा अक्करिला बनेर गएका छन् । तलबदारी बनेका साना-ठूला सबै तहका प्रायः सबै नेताहरूका राजनीति विकास-निर्माण योजनाका नेपथ्य ठेकेदारीका अंशीयारमा केन्द्रित भई बोधिँदै गएको छ । यसरी साविकका धेरै 'रामे'-हरूले 'रामबाबु'-मा अवतार फेरेका छन् । र, ती 'रामबाबु'-का वतारधारीहरू आ-आफ्ना अख्तियार क्षेत्र (Jurisdisction)-का सोझा-निमुखा जनताका निम्ति सामन्तकालीक जिमिदारको हैसियतमा उकासिँदै गएका छन् । जनताका उम्दा विश्वासका सबै फाँटमा एक-एक गर्दै डढेलो लाग्दैन । भ्रष्टाचार र कमिशनखोरीहरू चुली आरोहणमा स्वच्छन्द र निर्बिध्न अघि बढिरहेका छन् । हत्या-बलात्कारका घटना दैनिक प्रायः भइरहेका छन् र तिनमा संलग्न अपराधीलाई पानीमाथिको ओभानो बनाउन 'राजनीति'-कै प्रभावी दबाबको उपस्थिति, जतिसुकै घृणास्पद भए पनि, कामयाव भइरहेकै छन् । कीर्ते अभियुक्त खडा गरी 'न्याय'-को धर्म नष्ट गर्ने पाखण्ड पनि देखिन थालेको छ । काला बजारे-माफियाहरू हरेक तहका सरकारमा पुगेका पार्टी नेताका 'यार' मान्यताको प्राप्तिले अभूतपूर्व उत्साहित छन् । तिनका विरूद्ध चाँ-चुँ गर्नेसम्म आँट जनतामा हुन असंभव परिस्थिति दैनन्दिन मज्बुत बन्दै गइरहेको छ । 'म भ्रष्टाचार गर्दिन-गर्न पनि दिन्न' भन्ने कार्यकारी प्रधानमन्त्रीको बाचा 'त्रिशंकु' झैं (आकाश न पृथ्वीको) भई बिचल्लीमा परिरहेको छ । भ्रष्टाचाविरूद्ध खडा गरिएका आयोगादि सबै सत्ताधारीका गलत कामका आलोचनारूपी खबरदारी गर्ने सदाशयीहरूलाई तर्साउने सरकारी बुझ्याँचा सरह प्रयोगमा रहेको भान हुन्छ ।

हालको राज्यसत्ता जनताका विश्वासका हकमा 'गफ लाखको, काम चाहिँ पाँचको' भन्ने व्यंग्य-सुक्ति प्रयोक्ता बनेको छ । जुँगामा पसिना आउने कुराहरूका कोक्याउने अभिव्यक्तिले जनभेलाहरू तताएर र यथार्थका साक्षीहरूमा रक्तचाप बढाएर प्रतिवादका नाकाहरू बढाउने अनि राष्ट्रदोहनको मेलो मिलाउनेमा सत्ताधारी वाक-चतुरे नेताहरूले राष्ट्रको अमूल्य समयको अपव्यय गरिरहेका छन् । खबरदारीका आवाजहरुको सकेसम्म भ्रूण पतन नै गराउन र नसके 'मकै पढ्किँदैमा हार्दी फुट्तैन' उखानको शैलीमा कानमा तेल हाल्ने छ चालामाला । सुधारको सोचशून्य राजनीति गुहे खोल्सीमा ठोट्ने झैं सप्रिएर गइरहेको यो बेला सिङ्गो सरकार नै पनि देश र देशवासीको अपेक्षाको परिप्रेक्ष्यमा वशिष्ट ऋषि र ऋषि विश्वमित्रको मतान्तर वा वैचारिक द्वन्द्वबाट जन्मेको 'त्रिशंकु'-को पौराणिक कथा-पात्रको प्रतिकृति (carbon copy) बनेको छ । देशको माटो अर्थात् भूमि, सनातनागत मौलिकता र देशवासीको जीवन-जीवीका तीनवटै उपल्लो महत्वका विषय यो वर्तमानमा सर्वाङ्ग लथालिङ्ग हुँदै गएको कण्टकाकीर्ण एवम् गेगरिलो यथार्थसँग देशका कार्यकारीहरू सरोकारी हुनपर्ने संविधानर्निदिष्ट नैतिक कर्तव्य अहंकारी आत्माश्लाघी भाषणहरूद्वारा परिभूत हुँदैछन् । पक्षभेदी वकवृत्ति नै 'कार्यकारी शक्ति'-को मूल कर्त्तव्य मानिए जस्तो सम्बन्धितहरूको अचम्मलाग्दो बुझाइ लादिने गरिएका कारण नै हुनसक्छ त्यसकै पुनरावृत्तिका लागि ठूल्ठूला स्वाप्निल योजनाका नाममा भाषण-मञ्चहरू प्रस्तुत गराइँदैछन् र विषयान्तरित भाषणहरू लल्कारिदैछ । 'सेटिङ' नामको मिलीभगतको प्रभावकारिताले कालाधन्धे-माफिया र नाफाखोर अपराधीहरू राज्यशक्तिको न्यानो अभयदान प्राप्त गरी राज्यशक्तिकै नेपथ्य-शक्ति झै सम्पूरक बनिरहेका प्रतीत हुन्छ । सेटिङबाजीकै प्रभावकारिताले जतातै 'न्याय' अभिभूत भई निर्घो बनेको आभासले देशभक्त-राष्ट्रवादीहरू उद्विग्न र विदीर्ण बन्नुपर्ने घटनाहरू पनि बढोत्तरीमा छन् ।

परन्तु, साधारण आँखाले देख्न सकिने यी यावत दृश्य-परिदृश्यहरूको निरपेक्ष मीमांसा गर्ने हो भने दोष प्रत्यक्षतः राज्यसत्ताका संवैधानिक हकवालामा जानु स्वाभाविक भए पनि दोष उसको मात्र होइन । 'राज्यसत्ता'-को छिनाझपटीलाई नै 'राजनीति'-को सर्वस्व मानिरहेका त्यस वृत्तबाहिरका राजनीतिक पार्टीहरू पनि यो दोषका, उन्नाइस-बीसको मात्र भिन्नताका, भागी हुने निष्कर्ष निस्कन्छ । अहिलेको 'सत्ता-संघर्ष' प्रकरणअन्तर्गत अस्तित्वमा अवतरितमध्ये नेकपा (माओवादी केन्द्र)-कै नैतिकतालाई मिहिन केलाउने हो भने त्यसले पर्गेल्ने निष्कर्ष नै उपर्युक्त भनाइको एउटा सम्पूरक प्रमाण बन्न सक्तछ । सरकारसँगको साझेदारी नटुटाई वा सरकारलाई दिएको समर्थन फिर्ता नगरी माओवादी केन्द्र प्राविधिकरणका कमाण्डरहरू त्यही सरकारको तिखो र शर्मनाक आलोचनामा उतारू भइराखेका छन्, जसरी माधव नेपालहरू आफ्नै पार्टीको सरकारलाई अपदस्थ गर्न न्वारनदेखिको शक्ति लगाइरहेका छन् । 'राजनीति'-को विश्वमान्य नैतिक सिद्धान्त (ethics)-का दृष्टिले विशेषगरी माओवादी केन्द्रको हालको ताउरमाउरलाई चेवा गर्दा त्यो पटक्कै सौम्य देख्न सकिँदैन । आफू संलग्न सरकारलाई दिएको समर्थन फिर्ता गर्न यतिका दिन अन्कनाउनुपर्ने रहस्य उत्ति गहिरो थिएन-बस्, उपराष्ट्रपति र प्रतिनिधिसभाको सभामुख पद खुस्किने त्रास भने पनि लोभ भने पनि, बस् त्यत्तिका लागि । यसका अतिरिक्त, वर्तमान राजनीतिक कलहकाल अन्तर्गत मन्त्रीबाट प्रचण्डबधु बीना मगरलाई हटाइएको घटनाले माओवादी केन्द्र प्राधिकरणलाई निकै ठुलो मानसिक र अन्य पीडानुभूति भएको थियो क्यारे । यी देखिने पदधारीका कथा-व्यथा त छँदैछन्, अझ अरू कति नदेखिने आयमूलक पदमा घुसारिएका माओवादी होलान् । सो पार्टी सरकारबाट हट्नसाथ हुने कन्तबिजोकको कल्पना र जनयुद्धका सेना र घाइते आदिका निम्ति राज्यनिश्रित धनमा भएको उपद्रवको कुरो पनि उठ्ला । अन्ततः यी र यस्ता अनेक देख-अदेख विषयले माओवादी केन्द्रलाई सरकारको समर्थन फिर्ता लिन नदिई भीरको चिण्डो बनाइराखेको नहुन सक्तैन-कठैबरा ! एघार वर्ष सशस्त्र जनयुद्ध लडेर उभिएको क्रान्तिकारी पार्टीको दम्भ घोलेर आफू समेत सम्मिलित सरकारलाई तर्साउन ठूल्ठूला उपदेशात्मक डीङ फर्माएको सुनिइरहेको पार्टी सामान्य स्वार्थरक्षामा प्रस्तुत हुनु 'देख्नेलाई लाज'-को विषय त हुँदै हो नै । यसका साथै, जम्मैमा, सरकारलाई चिढ्याउने वा सरकारलाई अस्थिर बनाउने कसरत सरकारमै बसेर गरी-बिराइरहनु नै पनि देश र देशबासीका प्रति अनुत्तरदायी आचार हो मात्र होइन बेइमान हरकत नै होइन र ?

अतः यसरी पार्टीहरूले 'संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल'-लाई छ जना अन्धाले हात्ती छामेर त्यसको आकार-प्रकार भिन्न-भिन्न बुझी आपसमा कचिङ्गल नारेको दन्त्यकथा जस्तै देश र देशवासीको टिठलाग्दो यथार्थ विपरीत अभ्यास अघि बढाइरहेका छन् ! यसले देश र देशवासीले यो वर्तमानसँग राखेको आशा-अपेक्षाको विशल्य र सौष्ठव 'आकाशको तारो' नै भइरहेको छ र अनपेक्षित भविष्य अझ भय-संत्रासपूर्ण देखिंदो छ ! !...

सन्तोष अग्रवाल

जनमञ्च

कोरोनाको दोस्रो लहरले निम्त्याउन सक्ने खतरा

कोरोना भाइरसको संक्रमण देशव्यापीरुपमा पुनः बढ्न थालेसँगै अस्पतालहरुमा बेड, अक्सिजनको अभावका कारण समयमा उपचार नपाई मृत्युवरण गर्न बाध्यात्मक स्थिति पैदा भएको हुँदा बल्ल सरकारले काठमाडौं उपत्यकामा बैशाख १६ गतेदेखि निषेधाज्ञा जारी गरेको छ । साथै, भारतीय नाकाहरुबाट अनुमतिबिना प्रवेशमा बन्देज लगाएको छ । अनुमतिमा भित्रिएकाले पनि होम आइसोलेसन र क्वारेन्टाइनमा बस्नुपर्ने भएको छ ।

कोरोनाको दोस्रो लहर शुरु भएपश्चात लगभग एक हप्तामै संक्रमितको संख्या चार गुणाले बढ्न थालेको र छिमेकी मुलुक भारतमा त झन् १५ दिनअघि ३०-४० हजार संक्रमित देखिँदै आएकोमा हाल दैनिक तीन लाख ५० हजार नाघ्न थालेको छ । यसपालीको भाइरसमा युके तथा भारतीय डबल म्युटेन्ट (बंगाल भेरियन्ट) समेत भएकोले यो अघिल्लो भाइरसभन्दा ज्यादै खतरनाक देखिएको छ । नयाँ भेरियन्टको भाइरसले बालबालिका समेत प्रभावित भइरहेको बेला हाम्रो देशमा औषधि, अक्सिजन, शय्याको अभावका कारण यसपटकको दोस्रो लहरले क्षति झन् विगतको भन्दा बढी हुने विज्ञहरुको भनाइ छ ।

खुला सिमाना भएकै कारण नाकामा कडाइ गरिए पनि अन्य चोर बाटो हुँदै नेपाल भित्रिने क्रम रोकिएको छैन । हवाई मार्गबाट समेत निर्वाधरुपमा विदेशबाट यात्रुहरु आएको हुँदा जोखिम झनै बढेको छ । बेलैमा हवाई र स्थल सीमा-नाकामा कडाइ गर्न नसकिएको र यसको रोकथामका लागि हाम्रो देशमा कुनै पनि पूर्व तयारी नदेखिएको हुँदा स्थिति यसपटक स्थिति अत्यन्तै भयावह हुने लगभग पक्का छ । भारतमा अक्सिजन लगायत रेम्डेसिभिर औषधि, भेन्टिलेटरको अभावले उपचार नपाएर अस्पताल बाहिरै छटपटाएर ज्यान गुमाउनेको संख्या दिनानुदिन बढ्दो छ । एउटै शय्यामा दुई-तीन जना संक्रमित राखेर उपचार गर्नुपर्ने स्थिति आइसकेकोले बेलैमा कोभिड अस्पताल तथा बेडहरुको संख्या बढाउनुपर्ने देखिन्छ ।

भारतमा हेर्ने हो भने संक्रमणबाट मृत्युवरण गरेका शवहरुको व्यवस्थापनमा समेत अत्यन्तै चुनौति थपिएको देखिन्छ । गत वर्ष इटलीको अवस्थाभन्दा यसपटक भारतमा विकराल अवस्था देखिएको छ । सरकारले सभा समारोह, विवाह, मलामी लगायतमा २५ जनाभन्दा बढी भेला नहुन भनेर उर्दी जारी गरे पनि स्वयम् विभिन्न उद्घाटन समारोहमा हजारौंको भीडका बीच सरकार प्रमुखकै उपस्थितिले प्रश्न जन्माएको छ ।

भारतमा अक्सिजन अभावका कारण नेपालका सीमावर्ती क्षेत्रबाट समेत अक्सिजनका सिलिन्डर चोरी निकासी भई नेपालमा समेत अभाव देखिन थालेको छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले अक्सिजन अभाव हुनासाथ हवाई मार्ग तथा रेलमार्गबाट देशभरि अक्सिजनको आपूर्ति गर्नुका साथै एक साताभित्रै विदेशबाट अक्सिजनका नयाँ प्लान्टहरु भित्र्याउन पहल गरे पनि हाम्रो देशमा यस्तो कुनै योजना देखिएको पाइँदैन । साथै, रेम्डिसिभिर औषधि समेत नेपालबाट भारततर्फ गइरहेको हुँदा यहाँ औषधिको समेत चरम अभाव झेल्नुपर्ने देखिन्छ ।

युके भेरियन्ट नेपालसहित १२९ देशमा फैलिएको छ । पहिलो प्रजातिभन्दा नयाँ डबल म्युटेन्ट भेरियन्ट ४३ देखि ९० प्रतिशतले छिटो फैलने काठमाडौं विश्वविद्यालयका सहप्राध्यापक अर्चना श्रेष्ठले बताउनुभएको छ । भारत झैं नेपालमा पनि एकदमै द्रूतगतिमा संक्रमण बढ्दै गइरहेको अवस्थामा नेपालमा यसको रोकथामका लागि पूर्व तयारी अपर्याप्त रहेको देखिन्छ । अस्पतालहरुमा भेन्टिलेटर र शय्या बढाउनतर्फ ध्यान दिनुको साटो सरकारको ध्यान भ्यू-टावर शिलान्यास तथा धरहरा उद्घाटनतर्फ बढी देखिन्छ । सरकारले एकै दिन सयौं अस्पतालको शिलान्यास गरेर वाहवाही लुटेको थियो । ती शिलान्यास गरिएका अस्पताल यथाशीघ्र उद्घाटन भएर सर्वसाधारणले उपचार पाउँदा यसले केही राहत पुग्ने थियो ।

अहिले पनि सरकारले निजी क्षेत्र, सामाजिक संघ-संस्थाहरुसँग मिलेर मेडिकल इमरजेन्सी घोषणा गरी नाकाहरुमा थप कडाइ गरी एकजुट भएर महामारीको सामना गर्न ढिला गरेमा नेपालमा समेत शवहरुको दाहसंस्कार र शव व्यवस्थापनका लागि चिहानको स्थान अभाव हुने लगभग निश्चित छ । हामी नै नरहे भ्यू-टावर कसका लागि ?

लकडाउनले आजित भएको देशको अर्थतन्त्र केही सल्बलाउन थालेको बेला पुनः लकडाउन थेग्ने स्थितिमा देशबासी छैनन् । तर, बेलैमा रोकथामका उपायहरु नअपनाएमा देशभरि नै लकडाउन गर्नुको विकल्प देखिँदैन । सर्वसाधारणले पनि लकडाउन खुलेपश्चात अत्यन्तै लापरवाही साथ सभा सम्मेलनमा भीडभाड गर्ने, मास्क नलगाउने, सामाजिक दूरी कायम नराख्ने गरेका कारण अनाहकमै ज्यान गुमाउने अवस्था चाँडै नआउला भन्न सकिँदैन । चेतना भया ।

agrawal_sk817@yahoo.com

स्वर्णमहोत्सव स्तम्भको अनावरण

कमल, बैशाख १५। कमल गाउँपालिका-३ स्थित शहीद धर्मभक्त माध्यमिक विद्यालयमा स्वर्ण महोत्सव स्तम्भको अनावरण गरिएको छ।

सोही कार्यक्रमकाबीच अक्षयकोष, छात्रवृत्ति वितरण र शिक्षकलाई सम्मान तथा विदाइ गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि १ नम्बर प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मतकुमार कार्कीले स्वर्ण महोत्सव स्तम्भको अनावरण गर्नुका साथै अनिवार्य अवकाश भएका शिक्षक नारायणप्रसाद गौतम, रामकुमार राई, लक्ष्मीदेवी भट्टराई, विष्णुकुमारी रिजाल, विष्णुकुमारी राई र नेत्रप्रसाद पराजुलीलाई कदरपत्रद्वारा सम्मान तथा विदाइ गरिएको थियो।

त्यसैगरी कार्यक्रममा भगवता स्मृति अक्षयकोषबाट कक्षा १२ मा अध्ययनरत् दिलीपराज खजुम र छात्रा भूमिका विशुङ्खे र तेजबहादुर खापुङ स्मृति अक्षयकोषबाट कक्षा ८ मा अध्ययनरत् दिपेश बाँस्तोला, प्रदीप बजगाई, छात्रातर्फ जानुका गौतम र आस्था पोखेल र २०७६ सालको एसईईमा उच्च अंक ल्याउने सुदीप अधिकारी र शुभेच्छा भण्डारीलाई छात्रवृत्ति प्रदान गरिएको थियो।

कार्यक्रममा रामकुमार-गोमादेवी दङ्गाल अक्षयकोषबाट कक्षा १ मा अध्ययनरत् छात्र प्रतिक लिम्बू र छात्रा पजना लिम्बू तथा रुद्रप्रसाद चापागाई स्मृति अक्षयकोषबाट कथा १० मा अध्ययनरत् समिर मगर र नम्रता धितालालाई छात्रवृत्ति वितरण गरिएको सहायक प्रधानाध्यापक ओमप्रकाश खड्काले जानकारी दिए।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चक्रबहादुर गुरुङ र श्रीमती ममता गुरुङ तथा सदस्य लेखनाथ खतिवडा र श्रीमती रेनुका खतिवडाको तर्फबाट विद्यालयमा अध्ययनरत् कक्षा नर्सरीदेखि कक्षा ५ सम्मका विद्यार्थीलाई पोशाक वितरण गरिएको थियो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चक्रबहादर गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सहायक प्रधानाध्यापक मधुसुधन अधिकारीले गरेका थिए। विद्यालयक प्रधानाध्यापक काजीमान पौडेलले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेका थिए।

वाइसीएलमा तामाङ, क्रान्तिकारीमा अधिकारी

भद्रपुर, बैशाख १५। नेकपा माओवादी केन्द्रको भातृ सङ्गठन योङ्ग कम्युनिस्ट लिग (वाइसीएल) भद्रपुर नगर कमिटी विस्तार गरिएको छ।

भद्रपुरमा आयोजित एक कार्यक्रमका बीच बुद्धिमान तामाङको अध्यक्षतामा ४५ सदस्यीय नगर कमिटी गठन गरिएको हो। कमिटीको उपाध्यक्षमा आशिष खनाल, उपाध्यक्षमा बिकी राई, सचिवमा रवीन लिम्बू, सहसचिवमा निरप्रसाद अधिकारी, सहसचिवमा विवेक राई र कोषाध्यक्षमा कमला दास (लिम्बू) चयन भएका छन्।

त्यस्तै सदस्यहरूमा सन्तोष ढुङ्गाना, टीका तामाङ, सुदन राई, विजेन्द्र राजवंशी, विकास राजवंशी, सूर्य राजवंशी, विजय राजवंशी, सन्दीप राजवंशी, सञ्जीव मगर, राम गुरुङ, पदम लिम्बू, अमित तामाङ, सुनिल लिम्बू रहेका छन्।

त्यस्तै अखिल क्रान्तिकारी भद्रपुर नगर समिति पनि गठन गरिएको छ। नगर समितिको अध्यक्षमा प्रवीण अधिकारी, उपाध्यक्षमा दिनेश लिम्बू, सचिवमा सञ्जीव कुमाल, सहसचिवमा विपीन ओइत र कोषाध्यक्षमा अरुण नेपाल चयन भएका छन्।

त्यस्तै सदस्यहरूमा रञ्जन खतिवडा, रोशन भारती, रोजन थपलिया, निश्चल कठायत, सुनमिराज भण्डारी, लविन माझी, मणिकला मगर, रवि धमला, कबिर राजवंशी रहेका छन्।

पञ्चमी-नवमी डाँडा सडक धमाधम कालोपत्रे

□ युद्धबहादुर बोहोरा

पाँचथर, बैशाख १५। फिदिमको साम्दिन घुम्तीस्थित मायालुमोडदेखि नवमीडाँडासम्मको १४ हजार आठ सय मिटर सडक कालोपत्र गर्ने काम अन्तिम चरणमा पुगेको छ।

साम्दिन-चोकमागू-नवमीडाँडा-फाक्तेप हुँदै घुर्बिसे पञ्चमी जोड्ने सडक अन्तर्गतको उक्त साम्दिन-नवमीडाँडा खण्डको काम ९० प्रतिशतभन्दा बढी सम्पन्न भइसकेको ठेकेदार कम्पनीका प्रतिनिधि दिलबहादुर तामाङले बताए।

सो सडक संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय विकास तथा कृषि सडक विभाग अन्तर्गत ग्रामीण सडक सञ्जाल सुधार आयोजना मार्फत नेपाल सरकारको २० प्रतिशत र एशियाली बैंकको ऋण ८० प्रतिशत सहयोगमा शुरु गरिएको हो। पाँच मिटर फराकिलो ०.७५ सेन्टिमिटर सोल्डरसहित नाली रहेको सडक निर्माण गर्न २०७४ चैतमा स्वछन्द कन्काई जेभीले करिब ४० करोडको लागतमा दुई वर्ष भित्रमा निर्माण सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा डीपीआर सच्याउन एक वर्ष म्याद थप भएको साथै कोभिड-१९ का कारण केही समय काममा ढिलाइ भएको ठेक्केदार कम्पनीले जनाएको छ।

उक्त सडक फिदिम नगरपालिका वडा नम्बर २, ५ र ६ हुँदै फाल्गुनन्द गाउँपालिकाको वडा नम्बर १ सम्मको काममध्ये हाल नाली सुधार, ट्राफिक संकेत, डेलीनेटर पोष्ट लगायतको कार्य मात्रै बाँकी रहेको जनाइएको छ। नौ वटा कजवे, एक मिनी पुल (स्ल्याब कल्भर्ट) बनाएको यो सडक आसफाल्ट ग्रेडको कालोपत्र गरिएको आयोजनामा कार्यरत कन्सलटेन्ट इञ्जिनियरले बताए।

त्यसैगरी, दोस्रो खण्ड अन्तर्गत नवमीडाँडा-फाक्तेप हुँदै घुर्बिसे पञ्चमी बजार जोड्ने बाँकी लगभग १८ किलोमिटर सडकको हालसम्म डीपीआरको काम नभएको फाल्गुनन्द गाउँपालिकाका अध्यक्ष वीरबहादुर कुरुम्बाङले जानकारी दिए। उनका अनुसार घुर्बिसे पञ्चमीसम्म जोड्न बाँकी रहेको ग्रामीण सडकलाई डीपीआर गरी कालोपत्रको लागि आवश्यक प्रक्रिया अगाडि बढाइ दिन सम्बन्धित पक्षसँग अनुरोध गरिएको छ।

यस सडकमा पर्ने फाल्गुनन्द वडा नम्बर ५ फाक्तेप र वडा नम्बर १ को सतेरुपा बीचमा रहेको निवु खोलामा २० मिटर लामो पक्की पुल निर्माण भइसकेको छ। करिब ३३ किलोमिटर लामो घुर्बिसे पञ्चमीबाट फिदिम जोड्ने सडक कालोपत्रको कामले पूर्णता पाउँदा यस क्षेत्रका बासिन्दाको जीवनस्तरमा सुधार आउने साथै लगभग १० किलोमिटर दूरी छोटो हुँदा आवत-जावतमा समेत सहज हुने स्थानीय बासिन्दाहरु बताउँछन्।

कियाचुद्वारा लिम्बू भाषा प्रशिक्षण

बिर्तामोड, बैशाख १५। याक्थुङ साक्थिम चुम्लुङको आयोजना तथा किरात याक्थुङ चुम्लुङको सह-आयोजना र बिर्तामोड-१० वडा कार्यालयको आर्थिक सहयोगमा लिम्बू भाषा लिपि कक्षा शुरु भएको छ।

बिर्तामोड-१० का वडाध्यक्ष दुर्योधन गुरुङले प्रशिक्षणको उद्घाटन गर्दै कोरोना भाइरसको जोखिमपूर्ण अवस्थामा स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्दै आलोपालो प्रणालीबाट भाषा सिक्न आग्रह गरे। उनले मातृभाषा-लिपि संरक्षणको कार्य गर्नु राम्रो भए पनि कोरोना संक्रमण फैलने कार्यबाट सचेत रहनुपर्नेमा जोड दिए।

लिम्बू भाषा प्रशिक्षण समिति संयोजक हेमन खिम्दीङको अध्यक्षता तथा बिर्तामोड-१० का वडाध्यक्ष गुरुङको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा किरात याक्थुङ चुम्लुङ वडासमितिका उपाध्यक्ष माया खेवाले स्वागत गरेकी थिइन्।

भाषासेवी विक्रम तुम्बापोले प्रशिक्षण दिने कार्यक्रम भौतिक दूरी कायम गर्दै सेनिटाइजर, माक्सको प्रयोग लगायत स्वास्थ्य सावधानीका उपाय अपनाउँदै एक साता सञ्चालन गरिने बताइएको छ। एक दर्जनभन्दा बढी थर रहेको लिम्बू जातिको मातृभाषामा प्राविे तहमा पढाउन सकिने गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रकाशित गरिएको भए पनि शिक्षक अभावका कारण कार्यान्वयन गर्न नसकिएको चमरधाप प्राविका विव्यस अध्यक्ष रिमानध्वज लोक्तामले बताए। केही समय यता बिर्तामोडबाट पूर्वाञ्चल दैनिक पत्रिकामा लिम्बू भाषा विशेष अंक प्रकाशित हुँदै आएको छ।

कार्यक्रममा कियाचु बिर्तामोड नगर अध्यक्ष हिमालय कन्दङ्वा, वरिष्ठ सल्लाहकार रिमानध्वज लोक्ताम, पत्रकार रत्नबहादुर बस्नेत लगायतले बढ्दो महामारीबाट सुरक्षित बन्दै मातृभाषा संरक्षण सम्बर्द्धनमा अघि बढ्नुपर्ने बताए। कियाचु वडा समिति अध्यक्ष ज्ञानेन्द्र कन्दङ्वाले औचित्यमाथि प्रकाश पारेको कार्यक्रमको सञ्चालन याक्थुङ साक्थिम चुम्लुङका अध्यक्ष सन्तोष बेघाले गरेका थिए।

कार्यक्रममा बिर्तामोड नगरपालिका कार्यपालिका सदस्य गीता पोखरेल, वडा सदस्य भक्तसिंह राजवंशी, सुनुवार सेवा समाजकी अध्यक्ष मनु मुखिया लगायतको आतिथ्य रहेको थियो।

ट्राफिक प्रहरीद्वारा मास्क वितरण

दमक, बैशाख १५। ट्राफिक प्रहरी कार्यालय दमकले नेपाल यातायात मजदुर संघ दमक नगर समितिको सहयोगमा सर्वसाधारणलाई मास्क वितरण गरेको छ।

महामारी कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि दमकमा दमक ट्राफिक, इलाका प्रहरी कार्यालय र नेपाल यातायात मजदुर संघ दमक नगर समितिले पैदल यात्री, बसमा सवार यात्री र सवारी चालकहरुलाई मास्क अनिवार्य प्रयोग गर्न आह्वान गर्दै मास्क नलगाई हिँड्नेलाई जरिवाना गर्ने चेतावनी दिएको छ।

स्वास्थ्य सावधानीमा सहयोग गर्ने नेपाल यातायात मजदुर संघ दमक नगर समितिलाई इलाका ट्राफिक प्रहरीका तर्फबाट धन्यवाद दिँदै सबैको सहयोगले मात्रै सुरक्षित हुन सकिने ट्राफिक प्रमुख दिलीपकुमार चौधरीले बताए।

इलाका प्रहरी कार्यालय दमकका प्रहरी नायव निरीक्षक कुलबहादुर मगरले सानो चेतनामूलक कार्यक्रम भए पनि प्रभावकारी हुने बताए। सचेतना कार्यक्रममा मजदुर संघका नगर अध्यक्ष रञ्जितकुमार यादव, सचिव तुलसी खड्का, जीवनचक्र समाज नेपालका अध्यक्ष गणेशप्रसाद गौतम, बस इकाई अध्यक्ष कृष्ण भण्डारीको समेत सहभागिता रहेको थियो।

वाईफाईबाट चल्ने एयर कन्डिसनर

झापा, बैशाख १५। इलेक्ट्रोनिक्स तथा होम एप्लाएन्सका लागि विश्वकै टप २ ब्रान्ड मानिने टिसियलले यस गर्मी मौसमका लागि वाईफाईबाट चल्ने एयर कन्डिसनर बजारमा ल्याएको छ।

आर-३२ प्रविधिका ग्यास प्रयोग भएका इन्भर्टर टेक्नोलोजीद्वारा निर्मित टिसियलका एयर कन्डिसनरहरु अरुभन्दा वातावरणमैत्री मानिन्छन्। वाईफाईबाट चल्ने टिसियल इन्भर्टर एयर कन्डिसनरमा २४ घण्टाको टाइमर, अटो रिस्टार्ट, इन्डिपेन्डेन्ट डिह्युमिडिफिकेशन, अटो प्रोटेक्शन जस्ता विशेषताहरु छन्।

त्यस्तै, सानो आवाजमा चल्ने यी एयर कन्डिसनरहरुमा खिया नलाग्ने स बताइएको छ। कम्प्रेसरमा पाँच वर्षको वारेन्टी हुने टिसियलका एयर कन्डिसनरहरुलाई उत्कृष्ट गुणस्तरको मानिन्छ। टिसियलका वाईफाईबाट चल्ने एयर कन्डिसनरले ग्राहकलाई नयाँ अनुभूति दिलाउने बताइएको छ। टिसियल ब्रान्डलाई चौधरी ग्रुप अन्तर्गत रहेको सिजी इलेक्ट्रोनिक्सको इओएल प्रालिले नेपाली बजारमा बिक्री गर्दै आइरहेको छ।

अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्ष: गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर सीताराम आचार्य: ९८४२६२३१५२

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

विरामी वर्गलाई खुशीको खबर

अत्यन्तै सरल, सहज ढंगले क्षारसूत्र विधिले पायल्स, फिस्टुला, फिसर तथा यौवन कमजोरी लगायत दम, खोकी, पिनासको उपचार गरिन्छ। साथै जाडरक्सी थाहै नपाइ १००% छुटाइन्छ।

फाल्गुनन्द आयुर्वेद फार्मेसी
शनिश्चरे रोड, शिखर बजार पछाडि, बिर्तामोड, झापा
मो. ९८४२६४३६१८/९८०४९९४८८०

गार्ड आवश्यकता

पदः सेक्युरिटी गार्ड *(महिला तथा पुरुष)*
संख्या : १० जना
सम्पर्क :
इन्टरसर्म सेक्युरिटी ग्रुप प्रा.लि. बिर्तामोड
(फोनः०२३-५४५७८२, ९८०६०६६७००)

चिनारी राजश्व सेवा सेन्टर

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

मार्केटको सटर भाडामा

झापाको बिर्ताबजारस्थित मिरा कम्प्लेसका केही सटरहरु खाली रहेकोले व्यवसाय सञ्चालन गर्न इच्छुक व्यक्ति वा फर्महरुले सम्पर्क गर्नुहोला।

सम्पर्क :
९८१४०२७४६१/९८४२६५४६३८

पसल बिक्रीमा

बिर्तामोडस्थित शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि चालू अवस्थाको कोल्ड सेन्टर बिक्रीमा।

सम्पर्क : ९८१४९६३४८८

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेप्टी ट्याङ्कीको सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्क: ९८१४९९३७१२,
९८२४९८११७४, ९८४२६७७८५५,
९८६२६४८२८२

सुरक्षा गार्डको आवश्यकता

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।

भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राह्यता।

विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०,
९८०४७३१५६८, ९८०४५६७८७२

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रवों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

चट फोन झट सेवा

सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

घटना दर्ता अभियान सम्बन्धी
बिर्तामोड नगरपालिकाको
अन्यन्त जरूरी सूचना

व्यक्तिगत घटना घटेको ३५ दिनभित्र घटना दर्ता गरी जरिवानाबाट बचौं।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँगको समन्वयमा बिर्तामोड नगरपालिकाबाट मिति २०७८ साल बैशाख १ देखि १६ गतेसम्म घटना दर्ता अभियान सञ्चालन हुने भएकोले व्यक्तिगत घटना दर्ता एवम् सामाजिक सुरक्षा भत्ताका लागि निवेदन दिन बाँकी भएका नागरिकहरुले आफ्नो वडा कार्यालयमा उपस्थित भई निवेदन पेश गर्नुहुनका साथै जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद, बसाई सराई जस्ता व्यक्तिगत घटना अनिवार्य रुपमा दर्ता गरौं/गराऔं। राष्ट्रियव्यापी रुपमा भइरहेको घटना दर्ता अभियान सफल पारौं।

'घटना दर्ता गराउनु सबै नागरिकको कर्तव्य हो।'

नभुल्नुहोस् है,
घटना दर्ता अभियान सञ्चालन भइरहेको छ।
आगामी बैशाख १ गतेदेखि १६ गतेसम्म, तपाईको आफ्नै वडामा।
व्यक्तिगत घटना घटेको ३५ दिनभित्र घटना दर्ता गरी जरिवानाबाट बचौं।
थप जानकारी आवश्यक भएमा बिर्तामोड नगरपालिकामा सम्पर्क गर्नुहोला।
बिर्तामोड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

– शाखा अधिकृत

भूमिसुधार कार्यालय भद्रपुर, झापाको
मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

जग्गाधनीको विवरण	जग्गा ठेगाना	कि.नं.	क्षेत्रफल	मोहीको नाम, थर
नारायणप्रसाद गौतम	मेनपा-११	३९७	०,६४५.००	मनधर राजवंशी
रामप्रसाद भेटवाल	शरणामति-४	३१७	०-२-५	रागो मुर्मु सतार
नरकुमार राना	तोपगाछी-९	१०	२-१५-०	जगान सतार
बविता नेम्बाङ लिम्बू	वालुबाडी-२	१७१	३३८७.००	कालो नकार राजवंशी
कुमारी सार्की	तोपगाछी-८	७७६ १२७९	०-१०-० ०-५-०	विरजु सोरेन सतार/पदमबहादुर नेवार विरजु सोरेन सतार/पदमबहादुर नेवार
बलबहादुर भण्डारी	चकचकी-६	२०९	०-२-१०	उमेर हेमरम/गुमरे हेमरम सतार
भिमकुमारी भण्डारी	चकचकी-६	८५५	०-१०-०	वडका मर्डी सतार/बेटका मरडी सतार
लीलादेवी चौहान	चकचकी-६	११२७	०-४-०	वडका मर्डी सतार/बेटका मरडी सतार

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) - अवसर आए पनि नयाँ काममा हात हाल्नुअघि राम्ररी विचार पुऱ्याउनुहोला।

बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) - समुदायको हकहित हुने काम सम्पादन गर्न सकिनेछ। लगनशीलताले नाम र दाम दिलाउन सक्छ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) - भाग्यले विभिन्न अवसर जुराउनेछ तर काममा व्यवधान समेत उत्तिकै देखापर्नेछन्। विशेष भेटघाटले काममा उत्साह बढाउला।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) - आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। कीर्तिमानी काम गर्ने समय छ। साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) - अरूलाई प्रभावित पारेर काम बनाउने समय छ। मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ। सामाजिक दायित्व बढ्नेछ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) - नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू पनि बढ्नेछन्। स्वास्थ्यका लागि खानपानमा ध्यान पुऱ्याउनुहोला।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) - शुभचिन्तकहरूले साथ दिनाले पहिलेको चुनौती समाप्त होला। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) - दाम र प्रतिष्ठा कमाउने बेला छ। प्रयत्न गर्दा पदीय जिम्मेवारी प्राप्त हुने सम्भावना छ। परिस्थितिले चुनौतिहरूसँग सम्झौता गराउन सक्छ।

धनु (ये, यो, भ, मि, भु, ध, फा, ढ, भे) - स्वास्थ्य प्रतिकूल रहे पनि समस्या दर्शाउँदा सहयोगीहरूले साथ दिनेछन्। पछिका लागि केही वस्तु त्याग्नुपर्ला।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) - मेहनतीहरूका लागि दिन फलदायी रहनेछ। टाढाका साथीभाइले काममा साथ दिनेछन्। आजको श्रमबाट पछिलाई फाइदा हुनेछ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) - टाढाका साथीभाइ भेटिनाले खुशियाली छाउनेछ। दोहोऱ्याएर प्रयत्न गर्दा रोकिएको काम बन्नेछ।

मीन (दि, दु, श, झ, ञ, दे, दो, च, चि) - खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ। हिम्मतले काम लिनुका साथै भैपरी आउने समस्या सुल्झाउन सकिनेछ।